# ओमसतिया गाउँपालिका
## Omsatiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या :-/Ref. No. :
सुचना न.
चलानी नं. :-/Dispatch No.:

**गहुँको बीउ खरिदका लागि शिलबन्दी बोलपत्र सम्बन्धि सुचना।**

प्रथम पटक प्रकाशित मिति २०७९/०५/२६

यस कार्यालयको आ.व.२०७९/०८० मा ४० % अनुदानमा गहुँको उन्नत बीउ वितरण गर्ने कार्यक्रम बमोजिम गहुँको उन्नत बीउ आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक बीउ बिजनको कारोबार गर्ने ईजाजत प्राप्त बिक्रेता वा कृषक समुह वा बीउ उत्पादक कम्पनी वा कृषि सहकारी संस्थाहरुबाट उन्नत गहुँको बीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र आव्हानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रु.३००० (तिन हजार पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु,सम्बन्धित निकायमा दर्ता गरेका प्रमाण पत्रको प्रतिलिपि,बीउ बिजन बिक्रि वितरणको इजाजत पत्र,आपूर्ति गरिने बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट परिक्षण गरिएको बीउ परिक्षण सम्बन्धि प्रतिवेदन,स्थायी लेखा नम्बर प्रमाण पत्र, खरिद कारवाहीमा भाग अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयम उपस्थित नभएमा निजको मंजुरनामाको सक्कली निवेदन संलग्न गरि यस कार्यालयको कृषि विकास शाखाबाट बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सकिनेछ।
२. यस कार्यालयको प्रमुखले दस्तखत गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरि सोहि फाराममा बोलपत्र पेश गर्नु पर्नेछ।
३. बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरि कामको नाम र ठेक्का न. स्पष्टउल्लेख गरि आपुर्तिकर्ताको नाम र छाप लगाएको शिलबन्दिको लाहाछाप नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ
४. यस कार्यालयबाट बिक्रि नभएको,जमानत संलग्न भई नआएको,एउटाको जमानत अर्कोमा रहेको,बाहिर खाममा र बोलपत्रको ब्यहोरा फरक परेको,सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको,बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।
५. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको दिउसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछी बुझाएको बोलपत्र स्वीकार गरिने छैन। सोहि दिनको २:०० बजे उपस्थित भएमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
६. बोलपत्र दाताले धरौटी वापतको रकम रु. ३०००००/- अक्षरुपी तीन लाख रुपैया धरौटी स्वरूप यस गाउँपालिकाको NMB bank thutipipal शाखामा रहेको धरौटी खाता न ३ धरौटी खाता, ओमसतिया गाउँपालिका खाता न. ०४०००५७७६४५०००४७ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ।
७. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसैको लगतै कार्यालय खोलिने दिन बोलपत्र दाखिला गर्ने र खोल्न सकिनेछ।
८. पेश भएको बोलपत्रको कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ।
९. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सुचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
१०. म्याद नाघी आएको,रित नपुगेको,शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कार्वाहीगरिने छैन।
११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।
१२. खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ।
१३. यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४,बीउबिजन नियमावली २०६९ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।
१४. बोलपत्र दाताले कार्यालयले तोकेको स्थानसम्म सामाग्रीको ढुवानी स्वयम गर्नुपर्ने छ।
१५. यस सम्बन्धि थप जानकारी आवश्यक परेमा ९८४७०३९४५० मा सम्पर्क गर्न सकिने।

तपशिल :

| ठेक्का न. | ठेक्काको बिवरण | कुल लागत अनुमान रु. | फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ORM/GOODS/AG-01/079-080 | ४०% अनुदानमा गहुँको उन्नत बीउ वितरण (तराइका लागी सिफारिस जात विजय,भृकुटी र NL९७१) | रु,६०,००००० ( कार्यालयको ४०% र कृषकहरुको ६०% लागत साझेदारी गरि जम्मा रकम ) | रु,३०००/- | रु,३०००००/- |

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत